आज मिति २०७८/०४/३१ गते प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी देवी होमागाई (खतिवडा)को अध्यक्षता तथा देहायका पदाधिकारीको उपस्थितिमा राजमार्ग (सडक)मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि २०७५, बमोजिमको बैठक बसी देहायबमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री लक्ष्मी देवी होमागाई (खतिवडा) | प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, सल्यान, | संयोजक |
| श्री कञ्चन कृष्ण बस्नेत | प्रमुख सेनानी, सबूज गण, सल्यान | सदस्य |
| श्री गोविन्द थापा | प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय, सल्यान, | सदस्य |
| श्री विकाश थापा | स.प्र.ना.उ., सशस्त्र प्रहरी बल आश्रित गुल्म, सल्यान, | सदस्य |
| श्री गणेश आचार्य | प्र.अ.अ., राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सल्यान, | सदस्य |
| श्री थमन खड्का | स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, सल्यान, | सदस्य-सचिव |
| श्री अर्जुन बहादुर चलाउने | सव-ई पूर्वाधार विकास कार्यालय, सल्यान | |
| श्री दीपेन्द्र कुमार के.सी. | ट्राफिक इन्चार्ज, जिल्ला ट्राफिक प्रहरी कार्यालय, सल्यान | |
| श्री डम्बर सिंह तिरुवा | नमस्ते सल्यान यातायात व्यवसायी, सल्यान | |

<u>निर्णयहरु</u> :

१. सल्यान जिल्ला भित्र रहेका मुख्य राजमार्गहरु तथा सहायक राजमार्गहरुमा विरोध प्रदर्शन, सडक अतिक्रमण गरी राखेका ठेलागाडा, घुम्ती पसल तथा निर्माण सामग्रीको भण्डारण,गोलिया काठ सवारीसाधनको दुर्घटना वा सवारी साधन विग्रेर तथा वर्षादका कारणले पहिरो आइ हुने सडक अवरोधलाई यथाशीघ्र हटाई राजमार्गहरु निर्वाध रुपले सञ्चालन गर्न "राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कार्यवाहीको कार्यविधि, २०७७," मा सुरक्षा निकायलाई तोकिएको जिम्मेवारी बमोजिम सुरक्षा निकाय परिचालन हुने ।

२. राप्ती राजमार्गको कपुरकोट-चोरखोलामा आ.व. २०७७/०७८ मा ६ कि.मी. सडक विस्तार तथा स्तरोन्नति भएको र वर्षादको समयमा कटिङ्ग गरेको भूभाग माथिबाट बारम्बार पहिरो खसिरहेकोले उक्त पहिरो पन्छाउन जिल्ला प्रहरी कार्यालय अन्तर्गतको अस्थायी प्रहरी पोष्ट, कपुरकोट र ट्राफिक प्रहरी कार्यालयबाट हाल भइरहेको कार्यलाई निरन्तरता दिने ।

३. खंलगा-बालुवासंग्रही सडकमा वर्षादको समयमा बारम्बार पहिरो गई सडक अवरुद्ध भइरहने भएकाले हाल जिल्ला प्रहरी कार्यालयबाट भइरहेको कार्यलाई निरन्तरता दिने । उक्त सडक हाल स्तरोन्नति हुदैं गरेकोले सडक अवरोध हटाउन आवश्यक पर्ने सामग्री (डोजर) पुर्वाधार विकास कार्यालयले निर्माण व्यवसायीसँग समन्वय गरी Stand by राख्ने व्यवस्था मिलाउने ।

४. सडक सुशासन, सडकको क्षेत्राधिकार र सडकको प्रयोग एवं ट्राफिक नियमका सम्बन्धमा स्थानीय तह सँग समन्वय गरी जिल्ला ट्राफिक प्रहरी कार्यालय सल्यानले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

५. जिल्ला भित्र दुर्घटना हुने मुख्य स्थानहरुमा ट्राफिक संकेतहरु र सूचनामूलक होर्डिङ बोर्डहरु राख्ने र संकेतहरु प्रष्ट नदेखिने भएका स्थानहरुमा संकेत देखिने गरी राख्ने व्यवस्थाका लागि डिभिजन सडक कार्यालयलाई पत्राचार गर्ने ।

६. चाडपर्वहरु क्रमशः नजिकिदैं आएकोले यस समयमा राजमार्ग तथा सवारी साधनमा हुने चोरी, डकैती, लुटपाट जस्ता क्रियाकलाप हुन नदिन सुरक्षा निकायले समन्वय गरी नियमित एकल तथा संयुक्त गस्ती गर्ने ।

७. राजमार्गलाई निरन्तर चालु अवस्थामा राख्न सडक डिभिजन दाङ, सम्बन्धित स्थानीय तह र पूर्वाधार विकास कार्यालय सल्यानले सडकको नियमित मर्मत संभार गर्ने ।

८. राजमार्ग कुनै कारणवस अवरोध भएमा सो हटाउनका लागि आवश्यक पर्ने औजार उपकरणको सूची जिल्ला ट्राफिक प्रहरी कार्यालयले राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कार्यवाहीको कार्यविधि, २०७५ को अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी जिल्ला प्रशासन कार्यालयमा यथाशीघ्र पठाउने ।

९. सल्यान जिल्लामा रहेको राप्ती राजमार्गबाट रोल्पा, रुकुम (पूर्व), रुकुम (पश्चिम) र सल्यानमा आवश्यक सामग्री बोकेर मालबाहाक सवारी साधन सडकहरुमा गुड्ने र सडकको क्षमताले वहन गर्न नसक्ने क्षमताका सवारी साधन गुड्ने कारणले सडक भत्किन गई सडक दुर्घटना बढेकोले मालबाहाक सवारी साधनको तौल गर्ने धर्मकाँटा राप्ती राजमार्गको कपुरकोटमा राख्ने व्यवस्था गर्न डिभिजन सडक दाङलाई अनुरोध गर्ने ।